
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क ३४३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ पुस १९ गते शुक्रबार ❑ 3 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## पर्यटन र आर्थिक विकासमा नीजि क्षेत्रसँग सरकारले सहकार्य गर्छः मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, १८ पुस

गण्डकी प्रदशको राजधानि पोखरामा बिहिबारदेखि २० औं संस्करणको लेखनाथ महोत्सव २०८१ सुरु भएको छ ।

आउँदो माघ १ गतेसम्म पोखराको तालचोक तथा डाडाँकोनाक क्षेत्रमा आयोजना हुने उक्त महोत्सवको गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले महोत्सवको उद्घाटन गर्दै नीजि क्षेत्र र सरकारको सहकार्यले अर्थतन्त्र सुधार र बलियो बनाउन सकिने बताए । कोभिड पछि देशको खस्कदो अर्थतन्त्रलाई अब नीजि क्षेत्र र सरकारको सहकार्य र समन्वयले अर्थतन्त्रलाई सुधार र बलियो बनाउन सकिने उनले बताए ।

नेपालको पर्यटन राजधानी पोखरामा गण्डकी प्रदेशमा नीजि क्षेत्र सँगको साँझेदारीमा पर्यटनको क्षेत्रमा सरकारले काम गर्न तयार रहेको मुख्यमन्त्री पाण्डेले जनाए । नीति नियमका कारण उद्योग, व्यापार, व्यवसायको क्षेत्रमा समस्य परेको र प्रदेश सरकारबाट संसोधन गर्नु परेमा सरकारले तत्काल संवोधन गर्ने उनले जनाए । समृद्ध गण्डकी प्रदेश बनाउने अभियानमा सबैको सहकार्य जरुरी रहेको मुख्यमन्त्री पाण्डेको भनाई थियो । पोखरा क्षेत्रमा आयोजना हुने मेला र महोत्सवले यस क्षेत्रको आर्थिक अर्थतन्त्रलाई केही हदसम्म भए पनि चलायमान बनाउने गरेको उनको भनाई थियो । विभिन्न उद्धेश्यले आयोजना हुने मेला तथा महोत्सवले स्थानिय उत्पादन र स्थानिय उद्योग व्यपारको प्रबर्द्धन गर्नुपर्ने मुख्यमन्त्री पाण्डेको भनाई थियो । गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री खगराज आधिकारीले




यस्ता मेला र महोत्सवले आर्थिक क्षेत्रलाई चलायमान बनाउँदै युवालाई स्वदेशमा नै केही गर्न सकिने भन्ने सन्देस दिएको जनाए । यस्ता महोत्सवले युवा र कृषि प्रबर्द्धनमा बिषेश जोड दिनुपर्नेमा उनको जोड थियो । पोखरा महानगरपालिकका मेयर धनराज आचार्यले कवि शिरोमणि लेखनाथको नामबाट परिचिय यस क्षेत्रको विकासका लागि साझा अवधारणको खाँचो भएको बताए । उनले यस क्षेत्रका तालहरुको संरक्षणमा स्थानियहरुको समेत चासो बढ्नुपर्ने बताए ।

गण्डकी प्रदेशका वन तथा वातावरण मन्त्री भेषबहादुर पौडेलले राज्यले लगानीमैत्री वातावरण सृजना गर्ने कार्ययोजना ल्याउन लागेको बताए । राष्ट्रिय बाणिज्य बैंकका उपकार्यकारी अधिकृत विमल डंगोलले देशमा हाल सहकारी सहित केही वित्तिय क्षेत्रमा समेत समस्या उत्पन्न भएको बताए । नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य ताराबहादुर नेकपा माओवादी केन्द्रका जिल्ला संयोजक विश्वप्रकाश लामिछाने, कार्की, म्याग्दी उद्योग बाणिज्य संघका अध्यक्ष सुमित श्रेष्ठ, झाँकी त्याली व्यवस्थापन उपसमिति संयोजक बुद्धिकुमारी थापामगर, संघका उपमहासचिव भरतराज ओझा, महासचिव जानुका पराजुली अधिकारी र वरिष्ठ उपाध्यक्ष राजेन्द्र ओझा लगायतले महोत्वको बारेमा चर्चा गरेका थिए ।

महोत्सव लेखनाथको संस्कृति, स्थानीय उत्पादन विकास र सम्मृद्धि भन्ने नाराको साथ विहिबार देखि सुरु भएको महोत्सवमा विभिन्न व्यपारीक ३ सय ३६ वटा स्टलहरु रहेको आयोजक लेखनाथ उद्योग बाणिज्य संघका अध्यक्ष एवं महोत्सवका मूल संयोजक विनोद श्रेष्ठले बताए । महोत्सवमा २ लाख ५० हजार भन्दा बढि दर्शकले महोत्सव अवलोकन गर्ने अपेक्षा गरिएको छ भने करिब ९ करोड बरावरको आर्थिक कारोबार हुने अपेक्षा गरिएको अध्यक्ष श्रेष्ठले उल्लेख गरे । महोत्सवमा करिब ९० लाख आम्दानी हुने र महोत्सव सम्पन्न गर्नका लागि करिब ८० लाख खर्च भई रु १० लाख बचत हुने आयोजकले जनाएको छ । संघले २०५८ साल देखि सुन्तला प्रदर्शनीबाट सुरु गरेको महोत्सवलाई समयानुकूल परिष्कृत गर्दै २०६१ साल देखि वार्षिक रुपमा लेखनाथ महोत्सव गर्दै आएको र विभिन्न जातजाति भाषाभाषीलाई एकै थलोमा उपस्थीत गराएर लेखनाथ क्षेत्रको पहिचान गराउने उद्धेश्यले महोत्सवको आयोजना गरिएको अध्यक्ष श्रेठले जनाए ।

महोत्सवको माध्यबाट यस क्षेत्रमा उत्पादीत वस्तुहरुको बजारीकरण गर्ने, कृषि सामग्री एवं महिला उद्यमीहरुको उत्पादनहरुको प्रर्दशनी एवं विक्रि गरिने उनले जनाए ।

देशको सुस्त अर्थतन्त्रलाई चलायमान बनाउन तथा पर्यटन प्रवर्द्धन गर्न महोत्सवले थप मद्धत पुग्ने महोत्सवका प्रचार प्रसार संयोजक एवं लेखनाथ उद्योग वाणिज्य संघका महासचिव जानुका पराजुलीले बताइन । राष्ट्रिय स्तरका चर्चित कलाकार हरुवाट स्टेज सो, बालउद्यान, खाना महोत्सव, राष्ट्रिय लोक दोहोरी कार्यक्रम, कविता प्रतियोगिता, रितिरिवाज झल्कने सांस्कृतिक कार्यक्रम, नवप्रतिभा खोजी कार्यक्रम लगायतका कार्यक्रमहरु महोत्सवमा हुदैछन । रत्यौली गित प्रस्तुती, ख्याती प्राप्त कलाकारहरुबाट दैनिक प्रस्तुती, सुगम संगित, लाईभ कन्सर्ट लगायत थुप्रै मनोरञ्जनात्मक कार्यक्रमहरुको रुपमा प्रस्तुती हुदैछन् । महोत्सवका सह-संयोजक एवं प्रायोजक व्यवस्थापन तथा उप-समिति परिचालन समितिका संयोजक राजेन्द्र ओझाले लेखनाथ महोत्सवलाई स्थानीयले चाड पर्वको रुपमा लिदै आएको र उत्पादक र उपभोक्ताहरुलाई एकै ठाँउमा भेला गरी आर्थिक चलायमान गराउन महत्वपुर्ण भुमिका खेलेको जनाए ।

## रास्वपा सभापति लामिछानेसहित प्रतिवादीहरुको थुनचेक बहस जारी

**पोखरापत्र संवाददाता**
पोखरा, १८ पुस

पोखराको सूर्यदर्शन सहकारीको बचत रकम अपचलन मुद्दाका आरोपी राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेसहित सात प्रतिवादीहरुको थुनचेक बहस जिल्ला अदालत कास्कीमा जारी रहेको छ ।

मङ्गलबार र बुधबार सरकारी वकिलको बहस सकिएपछि बिहीबारदेखि जाहेरवाला सहकारीपीडित पक्षका कानुन व्यवसायीको बहस सुरु हुने जिल्ला न्यायाधीवक्ता कमला काफ्लेले जानकारी दिनुभयो । प्रतिवादीहरुको बयान सकिएलगत्तै जिल्ला न्यायाधीश नीतिज राईको इजलासमा मङ्गलबारदेखि थुनचेक बहस सुरु भएको थियो । बधुबार भएको बहसमा महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्त सञ्जिवराज रेग्मी, उपन्यायाधिवक्ता प्रकाश गौतम, जिल्ला न्यायाधिवक्ता कमला काफ्ले, सहायक जिल्ला न्यायाधिवक्ता शान्तिदेवी शर्मा र विपिनराज तिवारीले बहस गर्नुभएको थियो । जिल्ला न्यायाधिवक्ता काफ्लेले जाहेरवालाका तर्फबाट कानुन व्यवसायीको बहस सकिएपछि प्रतिवादी पक्षका कानुन व्यवसायीको बहस सुरु हुने बताउनुभयो । "प्रतिवादी तर्फका कानुन व्यवसायीहरुको बहस



सकिएपछि पुनः हाम्रोतर्फबाट जवाफी बहस सुरु हुन्छ", उहाँले भन्नुभयो । थुनचेक बहसपछि प्रतिवादीहरुलाई पुर्पक्षका लागि थुनामा राखेर अनुसन्धान गर्ने कि थुनामुक्त गरेर अनुसन्धान जारी राख्ने आदेश हुनेछ । सभापति लामिछानेसहित उक्त सहकारी ठगीको मुद्दामा जोडिएका पूर्वडिआइजी छविलाल जोशी, लीला पछाइ, कृष्णबहादुर गुरुङ, रामबहादुर खनाललगायतमाथि थुनचेक बहस भइरहेको हो ।

यही पुस ७ गते जिल्ला सरकारी वकिलको कार्यालय, कास्कीले सहकारीको रकम अपचलनको आरोपमा रास्वपा सभापति लामिछानेसहित ४४ जना विरुद्ध मुद्दा दायर गरेको थियो । लामिछानेमाथि सहकारी ठगीसँगै सङ्गठित अपराध र सम्पत्ति शुद्धिकरण कसुरमासमेत मुद्दा दायर भएको छ । सरकारी वकिलको कार्यालयले सूर्यदर्शन सहकारीको रकम ठगी प्रकरणमा अहिलेसम्म ६३ जना विरुद्ध जिल्ला अदालत कास्कीमा मुद्दा दायर गरिएको जनाएको छ ।

सभापति लामिछानेसहित १९ जनाविरुद्ध सङ्गठित अपराधमासमेत मुद्दा चलाइएको जिल्ला सरकारी वकिलको कार्यालय, कास्कीका सहायक जिल्ला न्यायाधिवक्ता शान्तिदेवी शर्माले जानकारी दिनुभयो । यस्तै लामिछानेसँगै खनाल, जोशी र पछाइविरुद्ध सम्पत्ति शुद्धिकरणमा पनि मुद्दा दायर गरिएको सरकारी वकिलको कार्यालयले जनाएको छ ।

सहकारी ठगीका आरोपित अन्य व्यक्तिलाई पनि कसुरअनुसारको बिगो र सजायको मागसहित मुद्दा दर्ता गरिएको छ । सूर्यदर्शन सहकारीको बचत रकम अपचलन गरेको आरोपमा सभापति लामिछाने गत कात्तिक २ गते काठमाडौँबाट पक्राउ पर्नुभएको थियो ।

उहाँमाथि कास्कीसहित अन्य जिल्लामासमेत सहकारी ठगीको आरोपमा अनुसन्धान भइरहेको छ । तत्कालीन समयमा आफू सञ्चालक तथा प्रबन्ध निर्देशक हुँदा सहकारीको बचत रकम गोर्खा मिडिया नेटकर्वमा ल्याई अपचलन गरेको आरोप रास्वपा सभापति लामिछानेमाथि लागेको छ । नेपाल प्रहरीका पूर्वडीआइजी जोशीलाई गत असोज छ गते पक्राउ गरी हिरासतमा राखेर अनुसन्धान हुँदै आएको थियो । सुर्यदर्शन सहकारी ठगीका मुख्य योजनाकार जीबी राईलगायत अन्य आरोपी भने अझै पनि फरार छन् ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्फ्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

## आगामी कार्ययोजनामा सांस्कृतिक रुपान्तरणले महत्व पाउँछ : अध्यक्ष दाहाल

**रासस**
काठमाडौं, १८ पुस

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पार्टीको आगामी कार्ययोजनामा सांस्कृतिक रुपान्तरणको क्षेत्रलाई महत्व दिइएको बताउनुभएको छ ।

जनसांस्कृतिक महासङ्घले बिहीबार यहाँ गरेको कला संस्कृतिसँग सम्बन्धित विभिन्न प्राज्ञिक प्रतिष्ठान र आयोगका पदाधिकारीसँगको भेटघाटमा अध्यक्ष दाहालले भन्नुभयो, "हामी रुपान्तरण र पुनःनिर्माणको अभियानमा जाँदैछौँ, यो बेलामा सांस्कृतिक रुपान्तरणलाई महत्वका साथ अघि सारिएको छ ।" पार्टीको स्थायी समिति हुँदै केन्द्रीय समिति बैठकबाट विभिन्न अभियानसहितको महत्वपूर्ण कार्ययोजना पारित गरेर जाने तयारी रहेको उल्लेख गर्दै उहाँले यसले पार्टीभित्रको सांस्कृतिक रुपान्तरणलाई नयाँ आयाम दिने भएकाले त्यही अनुरुप राजनीतिक प्रतिवेदनमा सांस्कृतिक पक्षलाई महत्व दिइएको बताउनुभयो ।

पार्टी र राज्यसत्ता दुवैमा सांस्कृतिक रुपान्तरणलाई महत्वका साथ हेरिनुपर्ने अध्यक्ष दाहालले स्पष्ट पार्नुभयो । "राज्यसत्तामा अझै एकीकृत, केन्द्रिकृत र एकल सांस्कृतिक सोच हावी छ", उहाँले भन्नुभयो, "हामीले राजनीतिक परिवर्तन गर्यौं, त्यसलाई संविधानमार्फत संस्थागत गर्यौं । तर सांस्कृतिक रुपान्तरणको क्षेत्र राजनीतिक परिवर्तन र कानुन निर्माणबाट मात्रै सम्भव हुने कुरा होइन, यो आम नागरिकको सोच र चिन्तनसँग सम्बन्धित हुने भएकाले दुवै बदल्न धेरै मेहनत गर्न आवश्यक छ ।" पार्टीको तर्फबाट नियुक्त भएर विभिन्न प्राज्ञिक प्रतिष्ठान र आयोगको जिम्मेवारीमा गएकाहरुले सुधारका लागि राम्रो प्रयासको थालनी गरेको उल्लेख गर्दै अध्यक्ष दाहालले यसलाई अझै बढाएर लैजानुपर्ने बताउनुभयो । त्यसका लागि पार्टीले नियमित छलफल र परामर्शका कार्यक्रम राख्दै जाने उहाँले स्पष्ट गर्नुभयो ।

महासङ्घका अध्यक्ष भीम कुमाखीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा विभिन्न प्राज्ञिक प्रतिष्ठान र आयोगका पदाधिकारीले आफूहरुले गरेका सुधारका प्रयास तथा चुनौतीबारे चर्चा गरेका थिए ।

## मन्त्री दाहालद्वारा मुग्लिन-पोखरा पश्चिम खण्डको अनुगमन

**पोखरापत्र संवाददाता**
दमौली, १८ पुस

भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले मुग्लिन पोखरा सडक योजना पश्चिम खण्डको आज निरीक्षण गर्दै प्रगतिबारे जानकारी लिनुभएको छ । मन्त्री दाहालले पश्चिम खण्डअन्तर्गत जामुनेदेखि पोखरासम्म भइरहेको कामको बिहीबार स्थलगत अनुगमन गर्दै प्रगतिबारे जानकारी लिनुभएको हो । त्यसक्रममा मन्त्री दाहालले पछिल्लो समय उक्त खण्डमा भएको प्रगति सन्तोषजनक

बाँकी अन्तिम पृष्ठमा ▶▶

# गत वर्ष ३१ हजार पर्यटकद्वारा अन्नपूर्ण पदमार्गको भ्रमण

पोखरापत्र संवाददाता
पोखरा, १८ पुस

लमजुङ, १८ पुस : विश्व चक्रिय अन्नपूर्ण पदमार्गमा गत सन् २०२४ मा ३० हजार आठ सय ६६ विदेशी पर्यटक आएका थिए।

विश्वकै १०औँ स्थानमा पर्ने यस पदमार्गमा एक वर्षको अवधिमा आएका पर्यटकमध्ये १८ हजार चार सय ९९ पुरुष, १२ हजार तीन सय ६२ महिला र पाँच अन्य व्यक्ति रहेका थिए।



अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) पर्यटक जाँच तथा सूचना केन्द्र धारापानीका इन्चार्ज भूपेन्द्र गुरुङका अनुसार सार्क राष्ट्रका एक हजार पाँच सय ७ पुरुष र दुई सय ८७ महिला यहाँ आएका थिए। त्यस्तै, अन्य राष्ट्रका १६ हजार नौ सय ३२ पुरुष, १२ हजार ७५ महिला र अन्य पाँच विदेशी पर्यटक आएका थिए। फ्रान्स, इजरायल, जर्मनी, बेलायतलगायत देशका नागरिक बढी आएका केन्द्रका इन्चार्ज गुरुङले बताउनुभयो।

कोरोना महामारीले थला परेको यस क्षेत्रमा केही वर्षदेखि क्रमशः पर्यटक बर्सेनि बढ्दै गएको पाइन्छ। सन् २०२३ को तुलनामा सन् २०२४ मा नौ हजार ६ सय १९ बढी विदेशी पर्यटक आएका थिए। सन् २०२३ मा २१ हजार दुई सय ४७ विदेशी पर्यटक आएका थिए। सोमध्ये १२ हजार नौ सय ८१ पुरुष र आठ हजार दुई सय ६६ महिला रहेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) पर्यटक जाँच तथा सूचना केन्द्र धारापानीले जनाएको छ। यस केन्द्रका इन्चार्ज गुरुङका अनुसार सन् २०२३ मा एक सय २२ देशका नागरिक यस पदमार्गमा आएका थिए।

त्यस्तै, सन् २०२२ मा १५ हजार नौ सय विदेशी पर्यटक यहाँ आएका थिए। सोमध्ये १० हजार तीन सय ६४ र पाँच हजार पाँच सय ३६ महिला रहेका केन्द्रले जनाएको छ। सन् २०२२ यसको तुलनामा सन् २०२३ मा पाँच हजार तीन सय ४७ विदेशी पर्यटक बढी आएका थिए। सन् २०२२ मा आएका पर्यटकमध्ये सबैभन्दा बढी फ्रान्सका दुई हजार १२ जना रहेका थिए। केन्द्रका अनुसार सन् २०२१ मा भन्दा सन् २०२२ मा १३ हजार ६ सय २७ पर्यटक बढी आएका थिए। सन् २०२१ मा एक हजार पाँच सय ६२ पुरुष र सात सय ११ महिला गरी दुई हजार दुई सय ७३ पर्यटक आएका थिए। त्यस्तै, सन् २०२० मा एक हजार नौ सय ७६ पर्यटक आएका थिए। केन्द्रका अनुसार सन् २०१९ मा ३६ हजार ६ सय ४७ पर्यटक, सन् २०१८ मा २ ९ हजार चार सय ८४ पर्यटक तथा सन् २०१७ मा २१ हजार ६८ पर्यटक पदमार्गमा आएका थिए। सन् २०१७ देखि पर्यटक आगमन वृद्धि हुँदै गएकामा सन् २०२० मा कोरोना सङ्क्रमणका कारण पदमार्ग क्षेत्र प्रभावित भएको थियो। अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बेँसीशहर नगरपालिका-७ मनाङे चौतारा हो। यस पदमार्गमा लमजुङ, मनाङ, कास्की, मुस्ताङ र म्याग्दी जिल्ला जोडिएका छन्। पर्यटकहरू हिमाली, पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्नलाई साथै मनाङबाट थुम्रापास गरी मुस्ताङ कोही पोखरा जानका लागि अन्नपूर्ण पदमार्गमा पर्यटकहरू आउने गर्छन्। साथै मनाङमा रहेको विभिन्न हिमाल चढ्न, संसारकै अग्लो स्थानमा रहेको तिलिचो ताललगायत हेर्नका लागि पनि पर्यटक यहाँ आउने गरेका छन्। यस पदमार्गमा पर्यटक आगमन हुँदा यहाँ होटल व्यवसाय फस्टाएको छ।

# प्रकृति–मानव केन्द्रित जन अभियानको छैटौं राष्ट्रिय सम्मेलन पोखरामा

पोखरापत्र संवाददाता
पोखरा, १८ पुस

पर्यावरण, र मानवता संरक्षणमा केन्द्रित प्रकृति-मानव केन्द्रित जन अभियान, नेपालको छैटौं राष्ट्रिय सम्मेलन शुक्रबारदेखि पोखरामा शुरु हुदैछ।

सम्मेलनको तयारी पूरा भएको र सम्मेलनमा प्रतिनिधिहरु पोखरामा आउने क्रम चलिरहेको जनअभियानका पूर्व केन्द्रीय अध्यक्ष सन्तबहादुर घिसिङ्ले जानकारी दिए। पोखराको नदीपुरस्थित थकाली समाजघरमा शनिबारसम्म चल्ने उक्त सम्मेलनले नयाँ नेतृत्व चयन गर्नेछ भने वातावरणीय संरक्षण, दिगो विकास, र मानव जीवनका समकालीन चुनौतीहरूको समाधानका लागि नयाँ रणनीति तय गर्ने जनअभियानका पूर्व केन्द्रीय अध्यक्ष घिसिङ्ले बताए।

उक्त सम्मेलनमा देशभरका करीब दुई सय जना प्रतिनिधिहरु सहभागी हुने बताइएको छ। सम्मेलन शुरु हुनु पूर्व शुक्रबार बिहान ८ बजे पोखराको न्युरोडस्थित पोखरा महानगरपालिकाको कार्यालय अगाडिबाट प्रभातफेरी शुरु भै नदीपुरस्थित थकाली समाजघरसम्म पुग्नेछ। यो सम्मेलनले आजको समयमा मानव र प्रकृतिका लागि साझा चुनौतीहरूको समाधान खोज्न तथा नयाँ वैकल्पिक सामाजिक व्यवस्थाको आधार खडा गर्न वातावरणीय संकट र जलवायु परिवर्तनको सामना गर्ने उपायहरू, जैविक विविधताको संरक्षण र दिगो विकासका रणनीति, मानवताको दीर्घकालीन कल्याणका लागि वैकल्पिक सामाजिक नीति निर्माण, प्रकृति-मानव हितैषी समाज निर्माणका लागि सामूहिक संकल्प केन्द्रित बहस गर्ने आयोजक पक्षले जानकारी दिएको छ।

सम्मेलनमा विशेष गरि वातावरणीय र मानव संकटबारे विशेषज्ञहरूको विशेष प्रस्तुति, समूह छलफल, नयाँ रणनीति निर्माण र भावी कार्ययोजना बारे छलफल हुने प्राप्त जानकारीमा उल्लेख छ। सन् २००२ मा स्थापना भएको प्रकृति-मानव केन्द्रित जन अभियान ले विगत २२ वर्षमा नेपाल र सार्कस्तरमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै वातावरणीय चेतनाको जागरणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। नेपालमा यसअघि पाँच वटा राष्ट्रिय सम्मेलनहरू सम्पन्न गरिसकेको यो अभियानले छैटौं सम्मेलनमार्फत भविष्यका लागि थप प्रभावकारी योजना ल्याउने लक्ष्य राखेको छ।

# कास्कीमा नागरिक आरोग्य कार्यक्रम सम्बन्धी अन्तरक्रिया

पोखरापत्र संवाददाता
पोखरा, १८ पुस



जिल्ला समन्वय समिति कास्कीको आयोजनामा कास्की जिल्ला नागरिक आरोग्य समिति र स्थानीय नागरिक आरोग्य समिति सहित सरोकारवालाहरू बिच अन्तरक्रिया कार्यक्रम बिहीवार सम्पन्न भएको छ।

कार्यक्रमको जिल्ला समन्वय समिति कास्कीका प्रमुख तथा जिल्ला नागरिक आरोग्य समितिका संयोजक लिलाधर पौडेलले उद्घाटन गर्नु भएको थियो।

पौडेलले स्वास्थ्य नागरिक नै सम्व्रिद्दीको प्रमुख आधार भएको हुदा नागरिक आरोग्य कार्यक्रम सहित आयुर्वेद स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम थप प्रभावकारी बनाउन कार्यक्रम आयोजना गरिएको उल्लेख गर्नुभयो। कास्की सबै पालिकाहरुमा नागरिक आरोग्य कार्यक्रम मार्फत आयुर्वेदिक चिकित्सा पद्दतिलाइ प्रभावकारी बनाउनुपर्ने बताउनुभयो। शारीरिक, मानसिक, भावना,र सामाजिक स्वास्थ्य स्वस्थ्य जीबनका आधार परिस्कृत गराउन कार्यक्रम फलदायी भएको पौडेलले उल्लेख गर्नुभयो।

कार्यक्रममा नागरिक आरोग्य कार्यक्रम सहित आयुर्वेद चिकित्सा पद्धतिको बारेमा गण्डकी आयुर्वेद अस्पतालका प्रमुख डाक्टर शंकर गौतमले अबधारणापत्र पेश गर्नुभएको थियो। सोहि अस्पतालका डाक्टर राम कृष्ण भुजेलले स्वास्थ्य जीबनको लागि योगाको महत्वको बारेमा प्रकाश पार्नुभएको थियो।

कार्यक्रममा जेष्ठ नागरिक मंच पोखरा १७ का टोपराज ढुंगानाले वडास्तरमा नागरिक आरोग्य समिति गठन भए पनि प्रभावकारी काम हुन नसकेको भन्दै वडा वडामा प्रभावकारी कामका लागि थप समन्वय र सहकार्य हुनुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी शिब लम्साल, जीबन विज्ञान प्रशिक्षक शिक्षा बिकास केन्द्र गण्डकी प्रदेश संयोजक शंकर पोखरेल, सोही केन्द्रका प्रशिक्षक बासुदेब पौडेल सहितले सो बारेमा चर्चा गर्नुभएको थियो।

कार्यक्रममा कास्कीका पालिकाहरूका स्थानिय नागरिक आरोग्य समिति सहित सरोकारवालाहरूको उपस्थिति रहेको थियो। जिल्ला समन्वय समिति कास्कीका प्रमुख तथा जिल्ला नागरिक आरोग्य समितिका संयोजक लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उप प्रमुख सरिता माल र संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको थियो।

# गत वर्ष साढे एघार लाख पर्यटक नेपाल भित्रिए

पोखरापत्र संवाददाता
पोखरा, १८ पुस

सन् २०२४ मा साढे ११ लाख विदेशी पर्यटकले नेपाल भ्रमण गरेका छन्। नेपाल पर्यटन बोर्डको तथ्याङ्कअनुसार गत वर्षको जनवरीदेखि डिसेम्बर महिनासम्म ११ लाख ४७ हजार पाँच सय ६७ पर्यटक नेपाल भ्रमणमा आएका हुन्।

बोर्डका निर्देशक मणिराज लामिछानेका अनुसार सन् २०२३ को तुलनामा सन् २०२४ मा १४ प्रतिशतभन्दा बढी पर्यटक आगमन बढेको छ। सन् २०२३ मा १० लाख १४ हजार आठ सय ७१ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए। बोर्डले सन् २०२४ मा कोरोना महामारीपूर्व सन् २०१९ मा आएका पर्यटकभन्दा बढी आउने अनुमान गरेको थियो। सन् २०१९ मा ११ लाख ९७ हजार एक सय ९१ विदेशी पर्यटक नेपाल आएका थिए। विदेशी पर्यटक आगमनको यो आँकडाले कोभिड-१९ महामारी (कोरोना भाइरस) का कारण शिथिल भएको मुलुकको पर्यटन क्षेत्र लयमा फर्किएको छ। कोरोनाले तीन वर्ष विदेशी पर्यटक आगमन खुम्चियो। सन् २०२० देखि २०२२ सम्म पर्यटक आगमन ह्वात्तै घट्यो। उल्लेखित आँकडाले एसिया प्यासिफिक क्षेत्रको भन्दा नेपालको पर्यटन पुनरुत्थान माथि रहेको बोर्डका निर्देशक लामिछानेको भनाइ छ। संयुक्त राष्ट्रसङ्घ विश्व पर्यटन सङ्गठन (युएनडब्लुटिओ) को ६ महिनाको आँकडाअनुसार विश्वव्यापी रूपमा ९६ प्रतिशतले नेपालको पर्यटन पुनरुत्थान भएको छ। उक्त अवधिमा विश्वव्यापी ९३ प्रतिशत पर्यटन पुनरुत्थान भएको जनाइएको छ।

निर्देशक लामिछानेका अनुसार पर्यटक आगमन सुधार हुनुमा बोर्डले बजारीकरणलाई तीव्रता दिएको तथा नेपालमै पहिलोपटक आयोजना भएको नेपाल प्रिमियर लिग (एनपिएल) आयोजना, बुद्धिष्ट सम्मेलनका दौरानमा भएका आठ सयभन्दा बढी चार्टड उडान, अन्तर्राष्ट्रिय बेलुन फेष्टिबल चिनियाँ ड्रागन फेष्टिबलका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा भएका पर्यटन उत्सव, मेला र प्रदर्शनी रहेको छ। विदेशी पर्यटक आगमन बढाउन बोर्डले क्षेत्रीय पर्यटन प्रवर्द्धनलाइ प्राथमिकतामा राखेको बोर्डले उल्लेख गरेको छ।

### कुन महिनामा कति पर्यटक

मार्च महिनामा सबैभन्दा बढी एक लाख २८ हजार एक सय ६७ पर्यटक नेपाल आएका थिए भने सबैभन्दा कम जुलाईमा ६४ हजार पाँच सय ९९ पर्यटकले नेपाल भ्रमण गरेका थिए। अक्टोबरमा एक लाख २४ हजार तीन सय ९३, अप्रिलमा एक लाख ११ हजार तीन हजार ७६ पर्यटक नेपाल आएका थिए। डिसेम्बरमा ८९ हजार सात सय ६५, नोभेम्बरमा एक लाख १४ हजार पाँच सय एक, सेप्टेम्बरमा ९६ हजार तीन सय पाँच, जनवरीमा ७९ हजार एक सय, फेब्रुअरीमा ९७ हजार चार सय २६, मेमा ९० हजार दुई सय ११, जुनमा ७६ हजार सात सय ३६ र अगस्टमा ७२ हजार सात सय १९ पर्यटक नेपाल आएका थिए।

## मन्त्री ...

रहेको बताउनुभयो। पछिल्लो पटक थप भएको म्यादभित्रै काम सम्पन्न गर्न उहाँले आयोजनाका सम्बन्धित अधिकारीलाई निर्देशन दिनुभयो। त्यस क्रममा आयोजनाका इन्जिनियर सौजन्य नेपालले मन्त्री दाहाल समक्ष उक्त खण्डको प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो। अठतीस दशमलव पाँच किलोमिटर दूरीको उक्त खण्डमा हालसम्म २४.५ किलोमिटर एकतर्फी कालोपत्र सकिएको उहाँले जानकारी दिनुभयो। उक्त खण्डमा म्याद आगामी २०८२ पुस १६ गतेसम्मका लागि थप भएको छ। पश्चिम खण्डमा २०७८ जेठ २ गते सम्झौता भई २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको थियो। यो खण्ड निर्माणको जिम्मा चिनियाँ कम्पनी यनहुई काइयुवान हाइवे एन्ड ब्रिज कन्स्ट्रक्सनले पाएको छ। विसं २०८१ भदौ १२ गतेसम्म म्याद रहेकामा उक्त अवधिमा उल्लेख्य प्रगति नभएपछि पहिलो पटक एक सय एक दिनका लागि म्याद थप भएको थियो। हालसम्म यो खण्डमा ३४ दशमलव ९४ प्रतिशत भौतिक प्रगति भएको बताइएको छ। पश्चिम खण्डअन्तर्गत म्याद्दे गाउँपालिका, शुक्लागण्डकी नगरपालिका र पोखरा महानगरपालिका पर्दछन्। यो खण्डमा ११ पुल निर्माण गर्ने लक्ष्य रहेकामा पाँचवटा पुल सम्पन्न भएका छन्। विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैङ्क (एडिबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो। पश्चिम खण्डको ठेक्का रु सात अर्ब ४० करोड ४६ लाखमा लागेको छ।

# होटल उद्योगमा साढे पाँच खर्ब स्थायी लगानी

रासस
काठमाडौं, १८ पुस

नेपालको होटल उद्योगमा साढे पाँच खर्ब स्थायी लगानी रहको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले बुधबार सार्वजनिक गरेको 'राष्ट्रिय होटल तथा रेस्टुरेन्ट सर्वेक्षण २०८०' अनुसार होटलको कुल स्थायी सम्पत्ति रु पाँच खर्ब ४३ अर्ब २५ करोड ८२ लाख रहेको छ।

तथ्याङ्कअनुसार होटल उद्योगमा रु साढे १० अर्बभन्दा बढी विदेशी लगानी रहेको पाइएको छ। नेपालमा एक लाख ४२ हजार दुई सय २३ होटल/रेस्टुरेन्ट रहेको तथ्याङ्क छ। कार्यालयका उपप्रमुख तथ्याङ्क अधिकारी डा हेमराज रेग्मीका अनुसार कार्यालयले गरेको यो सर्वेक्षण यस विधाको पहिलो बृहत् सर्वेक्षण हो। यसअघि ' होटल तथा लज सर्वेक्षण २०६० ' गरिएको थियो।

उक्त सर्वेक्षणमा आवास तथा भोजन व्यवसायसँग सम्बन्धित प्रतिष्ठान तारे होटल, रिसोर्ट र गैरतारे होटलमात्र समेटिएको थियो।

# विद्यालयमा स्वास्थ्य दूत नियुक्त गरिने

रासस
काठमाडौं, १८ पुस

विद्यालयमा स्वास्थ्य सचेतना फैलाउनका लागि विद्यालय स्वास्थ्य दूत नियुक्त गरिने भएको छ।

अब विद्यालय नर्सिङ कार्यक्रम लागू भएका विद्यालयमा कक्षा ७ र ८ मा अध्ययनरत विद्यार्थीले स्वास्थ्य दूतकारुपमा स्वास्थ्यसम्बन्धी आधारभूत जानकारी तथा स्वास्थ्य सजगतासम्बन्धी जानकारी फैलाउन विद्यालय नर्सलाई सघाउनेछन्।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप पौडेलले विद्यालय स्वास्थ्य सेवा तथा नर्सिङ कार्यक्रम सञ्चालन निर्देशिकालाई परिमार्जन गरी नयाँ निर्देशिका स्वीकृत गर्नुभएको हो। यसैगरी, नियमित खोप कार्यक्रम तथा अन्य सचेतनामूलक कार्यक्रममासमेत विद्यालय स्वास्थ्य दूतलाई उपयोग गर्ने गरी मन्त्रालयले निर्देशिका परिमार्जन गरेको हो। विद्यालय स्वास्थ्य दूतलाई मन्त्रालयले दूतको परिचय र ब्याचका अलावा आवश्यक स्वास्थ्य जानकारीमूलक सामग्री पठाउनेछ।

हाल देशका सातै प्रदेशका एक हजार तीन सय ८६ विद्यालयमा कार्यक्रम लागू भइरहेको छ। पाँच सय विद्यार्थी भएका विद्यालयमा एक छात्र र एक छात्रा स्वास्थ्य दूत बन्नेछन्। उनीहरुलाई मन्त्रालयको नर्सिङ महाशाखामार्फत स्थानीय तह र विद्यालयका नर्सले सचेतनामूलक कार्यक्रममा सहभागी र नेतृत्व दिलाउनेछन्। मन्त्रालयले यस वर्ष प्रयोगका रुपमा लागू गर्ने र आगामी वर्ष बजेटमा व्यवस्था गरेर कार्यक्रमलाई थप प्रभावकारी बनाउने प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “विद्यालयमार्फत सचेतना थप प्रभावकारी हुन्छ भन्ने विश्वास छ, उनले त्यसैलाई आधार मानेर नयाँ व्यवस्था गरिएको हो।” अहिले विद्यालय नर्स कार्यक्रमका लागि सङ्घीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले प्रदेश र स्थानीय सरकारसँग सहकार्य गरिरहेको छ।

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरू।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजे देखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५२१५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# मनाङमा विदेशी पर्यटकको आकर्षण बढ्दै

**नवीन लामिछाने**
मनाङ, १८ पुस



घुम्न लायक स्थानका रूपमा विश्वसामु परिचित मनाङमा पछिल्लो समय विदेशी पर्यटकको आकर्षण बढ्दै गएको छ। स्वदेशी पर्यटकको तथ्याङ्क नराखिए पनि बाह्य पर्यटकको अभिलेखीकरण अनुसार वार्षिक रूपमा यहाँ आउने पर्यटकको सङ्ख्या वृद्धि हुँदै गएको हो।

विश्वको जोखिमयुक्त भनेर पहिचान गरिएको अन्नपूर्ण पदमार्ग यात्रामा आउने विदेशी पर्यटकको रोजाइमा मनाङ प्राथमिकतामा पर्ने गरेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इकाईले जनाएको छ। सन् २०२४ मा मनाङमा ३० हजार आठ सय ६६ पर्यटक भित्रिएका छन्। एक वर्षमा १८ हजार चार सय ९९ पुरुष, १२ हजार तीन सय ६२ महिला र पाँच जना अन्य विदेशी नागरिक यहाँ आएका तथ्याङ्क रहेको इकाईका प्रमुख ढकबहादुर भुजेलले जानकारी दिनुभयो।

यहाँ आउने पर्यटक अन्नपूर्ण पदमार्गका साथै मनास्लु पदयात्रामासमेत निस्कने गरेका इकाईअन्तर्गत धारापानीमा भएको अभिलेखीकरण उल्लेख छ। उहाँका अनुसार तीन वर्षको वार्षिक तथ्याङ्कअनुसार हालसम्म बढी मात्रामा फ्रान्सका नागरिक यहाँ आएका देखिन्छ। प्रमुख भुजेलले भन्नुभयो, "अन्य देशको तुलनामा यहाँको भ्रमणमा फ्रान्सका नागरिक बढी आएको पाएका छौँ।" सन् २०२४ मा तीन हजार तीन सय १६ जना फ्रान्सका नागरिकले भ्रमण गरेका छन्। उहाँका अनुसार इजरायलका तीन हजार छ, जर्मनीका दुई हजार तीन सय ५५, युकेका एक हजार नौ सय र भारतका एक हजार आठ सय ३१ नागरिक यहाँ आएका छन्।

हिमाली क्षेत्र, अग्ला पहाड र जैविक विविधताले भरिपूर्ण रहेकाले यहाँ पर्यटकको आकर्षण बढेको भन्दै यहाँ आउने पर्यटकले मानव जीवनको वास्तविकता, स्थानीय परिकार र संस्कृति, रहनसहन, प्राकृतिक सुन्दरतालगायत हिमाली दृश्य अवलोकन गर्न आकर्षित हुने भुजेलले बताउनुभयो। बाइस हजार ३९ पर्यटक थोराङ्ला भञ्ज्याङ र तिलिचोताललगायत क्षेत्रको भ्रमण गरेका छन् भने आठ हजार आठ सय २७ पर्यटकले मनास्लु पदमार्गको यात्रा गरेका उहाँले जानकारी दिनुभयो। दुई सिजनमा पर्यटकको आवागमन हुने भन्दै पहिलो सिजन (मार्च, अप्रिल र मे) महिनामा बढी पर्यटकको आगमन हुने भुजेलले बताउनुभयो। त्यस्तै दोस्रो सिजनअन्तर्गत सेप्टेम्बर, नोभेम्बर, अक्टोबर र डिसेम्बरमा पर्यटकको आगमन तुलनात्मक रूपमा कम हुन्छ। सन् २०२३ मा २१ हजार दुई सय ४७ पर्यटक भित्रिएको तथ्याङ्कमा अभिलेखीकरण छ। सन् २०२३ मा १८ हजार ८३ विदेशी नागरिकले थोराङ्ला भञ्ज्याङ, तिलिचो ताल, गङ्गापूर्ण ताल, आइसलेकलगायत हिमतालको भ्रमणका गरेका छन्, भने तीन हजार एक सय ६४ विदेशी नागरिकले मनास्लु पदमार्गको यात्रा गरेका छन्। सन् २०२३ मा पनि सबैभन्दा बढी फ्रान्सका नागरिक आएको इकाईका प्रमुख भुजेलले जानकारी दिनुभयो।

सन् २०२२ मा १५ हजार आठ सय ५५ विदेशी नागरिकले मनाङ भ्रमण गरेका थिए। यहाँ आउने अधिकांश विदेशी पर्यटक विश्वको दशौँ स्थानमा पर्ने जोखिमयुक्त अन्नपूर्ण पदमार्गमा यात्राका लागि आउने गरेका छन्। फ्रान्स, इजरायल, जर्मनी, भारतका साथै अन्य देशका नागरिक आउने क्रम विस्तारै बढ्दै गएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इकाईले जनाएको छ। यसका साथै अमेरिका, अष्ट्रेलिया, चीन, रसिया, नेदरल्याण्ड, पोल्याण्डलगायत एक सय २५ देशका नागरिक यहाँ आउने गरेका इकाईका प्रमुख भुजेलले उल्लेख गर्नुभयो। कोभिडको सङ्क्रमण र विसं २०७८ को बाढीपहिरापछि यहाँ पर्यटक आगमनमा वृद्धि हुँदै गएको छ। पर्यटक हिमाल, पहाडका दृश्य, मनाङवासीको संस्कार, संस्कृति, रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्न पर्यटक आउने गर्दछन्। यहाँ आउने अधिकांश पर्यटक अन्नपूर्ण पदमार्गमार्फत मनाङबाट थोराङ्ला भञ्ज्याङ पार गरी मुस्ताङ हुँदै पोखरा पुग्ने गर्दछन्।

अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बेँसीसहर नगरपालिका-७ मनाङ्गे चौताराबाट यात्राको सुरुआत हुन्छ। अन्नपूर्ण पदमार्गमा लमजुङसहित मनाङ, मुस्ताङ, म्याग्दी र कास्की गरी पाँच वटा जिल्ला जोडिएका छन्। काठमाडौँबाट बेँसीसहरसम्म सवारीसाधनमा पर्यटक आउने गर्दछन्। पछिल्लो समय सडक यातायात सहज भएपछि सवार साधनमा चामे, खाङ्सारसम्म पर्यटक पुग्ने गरेका पाइन्छन्। त्यसपछि मात्रै मुख्य गन्तव्यतर्फ पदमार्गको यात्रा सुरु गरिन्छ।

# एसओएस गण्डकीमा ४१ औँ खेलकुद दिवसको समुद्घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, १८ पुस



पोखराको रामबजारस्थित एसओएस हर्मन माइनर विद्यालय गण्डकीको ४१ औँ खेलकुद दिवस एक भव्य समारोहबीच समुद्घाटन गरिएको छ।

बिहीवार विद्यालयको प्राङ्गणमा आयोजित उक्त त्रिदिवसीय खेलकुद समारोहलाई गण्डकी प्रदेश सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका सचिव राजेन्द्रदेव पाण्डेले पानसमा दीपप्रज्ज्वलन गरी समुद्घाटन गरे।

समुद्घाटन समारोहमा आफ्नो मन्तव्य राख्दै सचिव पाण्डेले समावेशी सिद्धान्तलाई आत्मसात् गर्दै एसओएसले निश्चित मूल्यमान्यतासहित राष्ट्रको गुणस्तरीय शिक्षामा महत्त्वपूर्ण योगदान पुर्‍याउँदै आइरहेको बताए। विद्यार्थीको शारीरिक तन्दुरुस्तीका अतिरिक्त राष्ट्रिय पहिचानका लागि समेत खेलकुद अपरिहार्य रहेको बताउँदै सचिव पाण्डेले नैतिकतासहितको जीवनोपयोगी शिक्षाका लागि गण्डकी प्रदेश चिन्तनशील रहेको बताए। 'प्रदेश सरकारले 'कमाउँदै-पढ्द' भन्ने अवधारणा अघि सारेर काम गर्ने नीति अवलम्बन गरेको छ।' सचिव पाण्डेले भने, 'एसओएसजस्ता सेवामूलक संस्थामा अध्ययनरत विद्यार्थीहरूलाई यो अवधारणाअनुसार कसरी बढीभन्दा बढी लाभान्वित बनाउन सकिन्छ भन्ने विषयमा मन्त्रालय थप चिन्तनशील छ।'

विशेष अतिथिको आसनबाट बोल्दै पोखरा महानगरपालिका वडा नं. १५ का वडाध्यक्ष तोरणबहादुर बानियाँले विद्यार्थीमा आपसी सद्भाव र भ्रातृत्वभाव विकासका लागि खेलकुद अत्यावश्यक रहेको बताए। एसओएस गण्डकीको शैक्षिक र भौतिक पक्षको स्तरोन्नतिका लागि वडाले यथाशक्य पहल गर्दै आइरहेको बताउँदै अध्यक्ष बानियाँले एसओएस बालग्राम र विद्यालयका बालबालिकाको उज्ज्वल भविष्यका लागि वडा हरदम चिन्तनशील रहेको दाबी गरे। एसओएस बालग्राम गण्डकीका परियोजना निर्देशक प्रदीपभक्त आचार्यको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा विद्यालयका प्रधानाध्यापक चूडामणि सुवेदीले स्वागत मन्तव्य राखेका थिए। मन्तव्यका क्रममा प्रधानाध्यापक सुवेदीले नियमित शिक्षण सिकाइ क्रियाकलापसँगै बालबालिकाको शारीरिक तन्दुरुस्ती र संवेगात्मक सन्तुलित विकासका लागि विद्यालयले विद्यार्थीहरूका बीचमा प्रत्येक वर्ष प्रतियोगितात्मक खेलकुद कार्यक्रम आयोजना गर्दै आइरहेको बताए। पछिल्ला केही वर्षयता एसओएसले हासिल गर्दै आइरहेको शैक्षिक सर्वोत्कृष्टताका बारेमा प्रकाश पार्दै प्रधानाध्यापक सुवेदीले शैक्षिक गतिविधिका अतिरिक्त विभिन्न अतिरिक्त गतिविधिमा समेत विद्यालय सधैँ अब्बल सावित हुँदै आइरहेको बताए। समारोहमा पोखरा महानगरपालिकाकी कार्यपालिका सदस्य मन्दिरा परियार, सैनिक आवासीय महाविद्यालयका निमित्त प्राचार्य जयराम कायस्थ, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका उपसचिव प्रकाश देवकोटा, एसओएस युवालय गण्डकीका प्रमुख बाबुराम बराल, एसओएस गण्डकीका सहप्राचार्यद्वय वीरसिंह बूढा र प्रभास पौडेल, शिक्षक तथा कर्मचारी कल्याणकारी युनियन गण्डकीका एकाइ अध्यक्ष मिलन खत्री, एसओएस बालग्रामकी आमा प्रतिनिधि पार्वती पाण्डे, एसओएस गण्डकी भूतपूर्व विद्यार्थी मञ्चका अध्यक्ष विकास श्रेष्ठ, चिकित्सकद्वय दीपेन्द्र अधिकारी र आविष्कार गौतमलगायतका व्यक्तित्वहरूको सहभागिता रहेको थियो।

विद्यालयका खेलकुद शिक्षक दीपकबाबु नेपालीले चार सदन कप्तानहरूलाई शपथग्रहण गराई ४१ औँ खेलुकद दिवसको शुभारम्भ गरे। खेलकुद दिवसको समुद्घाटन समारोहमा विभिन्न दूरीका दौड, रिले दौड, लङजम्पलगायतका अन्तरसदनात्मक खेलहरू सम्पन्न भएका थिए। विद्यार्थीहरूको शारीरिक कवाज प्रदर्शनी पनि समुद्घाटन समारोहको अर्को आकर्षण थियो। विद्यालयमा गठित राष्ट्रिय सेवा दलका विद्यार्थीहरूको समूहले विशेष मार्च पास्डका साथै खुकुरी नृत्य पनि प्रदर्शन गरेको थियो। खेलकुद समारोहमा विद्यालयमा गठित विभिन्न सदनमा आबद्ध विद्यार्थीहरूले राष्ट्रिय गीतको धुनमा सुसज्जित मार्च पास्डका साथै नेवारी संस्कृतिमा प्रचलित लाखे नृत्यका अतिरिक्त विविध लोकसांस्कृतिक नृत्य पनि प्रदर्शन गरेका थिए। खेलकुद अवधिभरि हुने सम्भावित दुर्घटनाबाट खेलाडीहरूलाई सुरक्षा प्रदान गर्ने उद्देश्यले क्षयरोग निवारण केन्द्रमा कार्यरत भूतपूर्व विद्यार्थीहरू सम्मिलित चिकित्सकहरूको एक समूहले विद्यालयमै आकस्मिक स्वास्थ्य केन्द्र स्थापना गरी सेवा प्रदान गरेका थिए। प्रतियोगितात्मक खेलअन्तर्गत पहिलो दिन सम्पन्न चार सय मिटर रिले दौडमा गौरीशङ्कर सदनका मनीता कार्की, ललिता मल्ल, सुमिता कार्की र कमला तामाङले प्रथम तथा अन्नपूर्ण सदनका लीला पुरी, अपेक्षा केसी, विमला पुन र सारिका बूढथापाले द्वितीय स्थान हासिल गरे। प्रारम्भिक चरणका विजयी विद्यार्थीहरूलाई कार्यक्रमका प्रमुख अतिथि राजेन्द्रदेव पाण्डे, एसओएस बालग्राम गण्डकीका परियोजना निर्देशक प्रदीपभक्त आचार्य तथा विद्यालयका प्रधानाध्यापक चूडामणि सुवेदीले संयुक्त रूपमा प्रमाणपत्र, पुरस्कार तथा पदक प्रदान गरे। तीन दिनसम्म सञ्चालन हुने विद्यालयको खेलकुद समारोहमा आधारभूत र माध्यमिक तहका लागि छुट्टाछुट्टै खेलहरू सञ्चालन हुनेछन्।

# सन् २०२४ : विमान दुर्घटनाको दुःखद् वर्ष

**रासस**
काठमाडौं, १८ पुस

अङ्ग्रेजी वर्ष सन् २०२४ अन्तर्राष्ट्रिय रूपमा नागरिक उड्डयनको हिसाबले निकै दुःखद वर्षको रूपमा दर्ज भयो। ठूला-ठूला विमान दुर्घटना भए। ती दुर्घटनामा धेरै मानवीय क्षति बेहोर्नुपर्यो। सन् २०२४ समाप्ति हुनुभन्दा दुई दिनअघि अर्थात् डिसेम्बर २९ तारिखका दिन दक्षिण कोरियाको मुआनमा एक सय ८१ यात्रु बोकेको विमान दुर्घटनाग्रस्त हुँदा एक सय ७९ जनाले ज्यान गुमाए। दुईजनालाई सुरक्षाकर्मीले भग्नावशेषबाट जीवितै उद्धार गरेका थिए।

बैंककबाट फर्कँदै गरेको उक्त विमानमा चालक दलका ६ सदस्यसहित एकसय ८१ जना सवार थिए। सियोलबाट करिब दुई सय ८८ किलोमिटर दक्षिणपश्चिममा रहेको दक्षिण जियोला प्रान्तको मुआन काउन्टीस्थित मुआन अन्तर्राष्ट्रिय विमानस्थलमा जेजु एयरको विमान अवतरणका क्रममा धावनमार्गबाट चिप्लिएर सिमेन्टको पर्खालमा ठोक्किँदा दुर्घटना भएको हो। यसअघि डिसेम्बर २५ मा अजरबैजान एयरलाइन्सको एम्ब्रेयर इआरजे १९० एआर विमान कजाकिस्तानको अक्ताउ विमानस्थल नजिकै दुर्घटनाग्रस्त भएको थियो। सो दुर्घटनामा ३८ जनाको मृत्यु भएको थियो। वर्षको उत्तरार्धमा भएका दुई ठूला विमान दुर्घटनामा दुई सय १७ जनाले ज्यान गुमाए। विमान दुर्घटनामा सन् २०२४ मा इरानी राष्ट्रपति इब्राहिम रइसी र अफ्रिकी देश मालीका उपराष्ट्रपति साउलोस क्लाउस चिलिम जस्ता विशिष्ठ व्यक्तिको मृत्यु भयो। मे २० तारिख (जेठ ७ गते) इरानी राष्ट्रपतिको हेलिकप्टर दुर्घटनामा मृत्यु भएको थियो। यस्तै जुन ११ (जेठ २९ गते) मालीका उपराष्ट्रपति चिलिमिको सैन्य विमान दुर्घटनामा मृत्यु भएको थियो। नयाँवर्ष २०२५ को सुरुआत हुँदैगर्दा सन् २०२४ एयरलाइन्सका लागि दुःखद् सावित भयो। यस वर्षभित्र ठूला ठूलासहित धेरै सङ्ख्यामा विमानहरू दुर्घटनामा परेका थिए। डिसेम्बर महिनामा मात्रै ६ वटा ठूला विमान दुर्घटना भएका छन्। ती दुर्घटनामा दुई सय ३४ जनाको मृत्यु भएको छ। लगातारको विमान दुर्घटनाले हवाई क्षेत्रमा सुरक्षा प्रोटोकल र प्राविधिक समस्यामाथि प्रश्न उठ्न थालेको छ। यस्तै गत डिसेम्बर २२ मा दक्षिणी ब्राजिलको ग्रामाडो सहरमा निजी विमान दुर्घटना हुँदा एकै परिवारका १० जनाको मृत्यु भएको थियो। उक्त विमानमा सवार ब्राजिलका व्यापारी लुइज क्लाउडियो गालेज्जीको श्रीमती, तीन छोरी र अन्य आफन्तसहितको दुर्घटनामा मृत्यु भएको हो। डिसेम्बर २४ मा एयर क्यानाडाको विमान अवतरण गर्ने क्रममा चिप्लिएर दुर्घटनामा परेको थियो। उक्त विमानमा आगो लागेको थियो। यसैगरी गत डिसेम्बर २२ मा पपुवा न्यू गिनीमा विमान दुर्घटनाग्रस्त हुदाँ विमानमा सवार सबै पाँच जनाको मृत्यु भएको थियो। उत्तरी तटीय उड्डयनद्वारा सञ्चालित एक आइल्याण्डर २२ डिसेम्बरमा पपुवा न्यू गिनीमा दुर्घटनाग्रस्त भएको थियो।

अर्जेन्टिनामा बम्बार्डियर च्यालेन्जर ३०० अर्जेन्टिनाको सान फर्नान्डो एयरपोर्ट नजिक दुर्घटनाग्रस्त हुँदा दुवै पाइलटको मृत्यु भएको थियो। अमेरिकन विमान कामाका एयर एलएलसीद्वारा सञ्चालित कामाका एयर होनोलुलुको ड्यानियलअन्तर्राष्ट्रिय विमानस्थल नजिकै दुर्घटनाग्रस्त हुँदा दुवै पाइलटको मृत्यु भएको हो। अगष्त नौ मा ब्राजिलको भिनहेडोको भिनहेडोमा विमान दुर्घटनाग्रस्त हुदा विमानमा सवार सबै ६२ जनाको मृत्यु भएको थियो। सन् २०२४ मा नेपाल पनि विमान दुर्घटनाबाट टाढा रहन सकेन। जुलाई २४ तारिख (साउन ९ गते) गते सौर्य एयरलाइन्सको विमान दुर्घटनाग्रस्त हुदाँ १८ जनाको मृत्यु भएको थियो। यस्तै अगष्त ७ (साउन २३ गते) काठमाडौँको शिवपुरी क्षेत्रमा एयर डाइनेस्टी हेलिकप्टर दुर्घटना हुदा पाँच जनाको मृत्यु भएको थियो। सन् २०२३ मा यती एयरलाइन्सको एटीआर-७२ विमान दुर्घटनाग्रस्त हुँदा विमानमा सवार ७२ जनाकै निधन भएको थियो। यो दुर्घटना आन्तरिक उडानमा हालसम्मकै ठूलो हो। बुद्ध एयरका अप्रेसनल डाइरेक्टर क्याप्टेन आरके शर्मा समग्रमा वर्ष २०२४ विश्वव्यापीरूपमा हवाई दुर्घटनाका हिसावले दुःखद् रहे पनि नेपालमा भने केही सुधार भएको बताउनुहुन्छ। "नेपालका लागि वर्ष २०२४ सुखद नै मान्नुपर्छ। तर, विश्वव्यापी रूपमा हेर्दा वर्षको समाप्ती हुनैलाग्दा निरन्तर ठूला घटना हुनुले समग्र वर्षलाई हवाई दुर्घटनाका हिसावले दुखःद् मानिन्छ", उहाँले भन्नुभयो। नेपालको हकमा हवाई सुरक्षा अभिवृद्धि भएको मान्न सकिने उहाँको धारणा छ। यद्यपि, सौर्य एयर र एयरडाइनेस्टी हेलिकप्टर दुर्घटनाले पुनः एकपटक भस्काएको छ। यसबाट एभिएसन सेफ्टी र सेक्युरिटीका साथै व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्नेतर्फ एयरलाइन्सहरूको ध्यान जान जरुरी रहेको क्याप्टेन शर्माको भनाइ छ। सन् २०२४ मा विश्वव्यापी रूपमा हवाई यात्रुको सङ्ख्या सकारात्मक बढोत्तरी भइरहेको छ।

निरन्तर बढेको हवाई यात्रु चापले यस क्षेत्रको आकर्षणसँगै सेफ्टी र सेक्युरिटीलाई मजबुद बनाउनुपर्ने दबाव बढेको छ। हवाई क्षेत्रका जानकार अच्युत पहाडी पनि समगमा सन् २०२४ एभिएसनका हिसाबले दुःखद् वर्ष साबित भएको बताउनुहुन्छ। "विश्वव्यापीरूपमा ठूला ठूला हवाई दुर्घटना भए। नेपालमा पनि सौर्य एयरलाइन्स र एयर डाइनेस्टी हेलिकप्टर दुर्घटना भए। यसरी हेर्दा एभिएसनलाई सन् २०२४ फापेन। दुर्घटना मात्रै हैन मानवीय क्षति पनि धेरै भएको छ। यसले हवाई सुरक्षामाथि प्रश्न खडा गरेको छ", उहाँले भन्नुभयो। सन् २०२४ को अन्तिम महिनाका केही हवाई दुर्घटनाले हवाई क्षेत्रमा संशय पैदा गरेको नेपाल नागरिक उड्डयन प्राधिकरणका पूर्वमहानिर्देशक सञ्जिव गौतमले बताउनुभयो। समग्रमा सन् २०२४ लाई बिदाई गर्दैगर्दा एभिएसनले नराम्रो क्षति बेहोर्न पुगेको उहाँले उल्लेख गर्नुभयो। "एभिएसनमा नेपालको सन्दर्भमा राम्रो रहेपनि विश्वव्यापी रूपमा हेर्दा दुःखद् वर्षको रूपमा रह्यो", पूर्वमहानिर्देशक गौतमले भन्नुभयो, "दुर्घटनाबाट पाठ सिकेर हवाई सुरक्षालाई कसरी बलियो बनाउनेभन्नेतर्फ राज्य र सरोकारवाला निकायले ध्यान दिनुपर्छ।"

अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ)ले सन् २०३० सम्म मानवजन्य मृत्यु हुने दुर्घटना शून्यमा झार्ने लक्ष्य लिएको छ। अहिले वार्षिक १० प्रतिशत हवाई यात्रु बृद्धि भइरहेको छ। अन्तर्राष्ट्रिय हवाई यातायात सङ्घको तथ्याङ्कलाई उधृत गर्दै पूर्वमहानिर्देशक गौतमले विश्वव्यापी रूपमा हवाई यात्रुको सङ्ख्या झण्डै पाँच अर्ब पुगेको बताउनुभयो। सन् २०१९ मा चार अर्ब ५० करोड हवाई यात्रु पुगेका थिए।

प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भूलले हवाई यात्रु बढेका हिसावले सकारात्मक लिन सकिए पनि सन् २०२४ मा भएका केही हवाई दुर्घटनाले एभिएसन क्षेत्रलाई खिन्न बनाएको बताउनुभयो। "नेपालको सन्दर्भमा सन् २०२३ को तुलनामा सन् २०२४ दुर्घटनाको सङ्ख्याको हिसावले सुधारात्मक रहे पनि विश्वव्यापी रूपमा हेर्दा वर्षको अन्तिम महिनामा धेरै सङ्ख्यामा भएका विमान दुर्घटनाले एभिएसन क्षेत्रलाई झस्काएको छ", उहाँले भन्नुभयो। उडान सुरक्षा र यात्रु बढोत्तरीका हिसाबले सुधार हुँदै गएको सूचना अधिकारी भूलको भनाइ छ। नेपालमा पनि हवाई यात्रुको सङ्ख्या निरन्तर बढिरहेको छ। प्राधिकरणको तथ्याङ्कअनुसार सन् २०२४ मा अघिल्लो वर्षको तुलनामा आन्तरिकतर्फ १३ प्रतिशत र अन्तराष्ट्रिय हवाई यात्रुको सङ्ख्या ७ दशमलव ९ प्रतिशतले बृद्धि भएको छ। आन्तरिक उडानतर्फ सन् २०२४ को नोभेम्बरसम्म कुल ८७ लाख ६० हजार तीन सय दुई हवाई यात्रुले यात्रा गरेका छन्। सन् २०२३ को नोभेम्बरसम्म कुल ७७ लाख हवाई यात्रुले यात्रा गरेका थिए। त्यसैगरी सन् २०२४ को नोभेम्बरसम्म अन्तर्राष्ट्रिय हवाई यात्रुको सङ्ख्या ४४ लाख ४९ हजार एक सय ३३ पुगेको थियो। आठ हवाई दुर्घटनामा नौ सय ५९ जनाको मृत्यु भएको छ। विसं २०१२ वैशाखमा पहिलो पटक सिमरामा भारतको कलिङ्गा एयर दुर्घटना भएको थियो। वर्षको अन्त्यतिर दक्षिण कोरिया र कजाकिस्तानमा भएका दुई ठूला विमान दुर्घटनाले समग्रमा हवाई उड्डयनको क्षेत्रलाई निरास बनाएको छ। यो घटनाले विश्वव्यापी रुपमै हवाई उडान कति सुरक्षित छ भन्ने प्रश्न तेर्सिएको छ।

# नारच्याङ बेँसीमा खानेपानी आयोजना निर्माण सुरु

**पोखरापत्र संवाददाता**
लमजुङ, १८ पुस

अन्नपूर्ण गाउँपालिका-४ नारच्याङ बेँसीमा रु एक करोडभन्दा बढीको लागतमा खानेपानी आयोजना निर्माण सुरु भएको छ।

ब्रिटिस गोर्खा वेयलफेयर आर्थिक तथा प्राविधिक सहयोग र उपभोक्ताको श्रमदानमा रु एक करोड आठ लाख ३१ हजार सात सय ५६ को लागतमा खानेपानी आयोजना निर्माण सुरु भएको हो। आयोजनाबाट नारच्याङ बेँसीगाउँका एक सय ९० परिवार लाभान्वित हुने अन्नपूर्ण गाउँपालिका-४ नारच्याङका वडाध्यक्ष लोकबहादुर फगामीले बताउनुभयो।

विद्यालय, स्वास्थ्यचौकी, युवा क्लब, आमा समूह, मन्दिर र छात्रावासमा पनि धारा जडान गरिने जनाइएको छ। गोर्खा वेयलफेयरको रु ८७ लाख ६५ हजार छ सय ७२ अनुदान रहने आयोजना निर्माणमा उपभोक्ताले रु २० लाख ६६ हजार ८३ बराबरको श्रमदान गर्नुपर्नेछ।

आगामी चैत महिनाभित्र आयोजना निर्माण सम्पन्न गर्ने लक्ष्यसहित मुहान, ट्याङ्की, धारा र पाइपलाइनको काम तीव्र गतिमा भइरहेको छ।

# सत्रौँ शताब्दीको राखु भगवतीमा नियमित पूजा गर्न ९१ लाखको अक्षयकोष स्थापना

**पोखरापत्र संवाददाता**
म्याग्दी, १८ पुस

रघुगङ्गा गाउँपालिका-२ स्थित सत्रौँ शताब्दीको राखु भगवतीमा नियमित पूजाको प्रबन्ध गर्न रु ९० लाखको अक्षयकोष स्थापना भएको छ। गत असोजमा आयोजित महायज्ञबाट सङ्कलन भएको उक्त रकमबाट अक्षयकोष स्थापना भएको हो।

महायज्ञबाट सङ्कलन भएको रु एक करोड १० लाखमध्ये रु १८ लाख ५० हजार खर्च भएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष देवेन्द्रबहादुर मल्लले जानकारी दिनुभयो। मन्दिरमा पुजारीका साथै नियमित पूजाको प्रबन्ध गरिएको छ।

म्याग्दीको यो प्रसिद्ध शक्तिपीठको पुरातत्व विभागले तीन वर्षअघि रु ६२ लाखको लागतमा पुनर्निर्माण गरेको हो।